केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१२/०६७/६८ मितिः २०६७/०८/२६

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६७ इ.प्रा.निर्देशन नं. १०/०६७ (संस्थापक शेयर नामसारी वा विक्री सम्बन्धी व्यवस्था ) को बुँदा नं ६ पछि देहायको बुँदा थप गरिएको छ।
*यस बैंकद्वारा जारी बैंक/वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्वन्धी नीतिगत एवं प्रकृयागत व्यवस्थाः २०६३ ले गरेको नीतिगत व्यवस्था अनुसार यस बैंकबाट इजाजतपत्रप्राप्त कुनै एक बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरमा लगानी गर्दा चुक्ता पूँजीको बढीमा १५ प्रतिशत र अन्य बैंक तथा वित्तीय संस्थाहरुमा चुक्ता पूँजीको बढीमा १ प्रतिशतसम्म मात्र लगानी गर्न सकिने रहेकोले उक्त नीति लागू भएको मितिले ५ वर्षभित्र (अर्थात २०६८ असार मसान्तभित्र) मा तोकिएको सीमाभित्र शेयर स्वामित्व कायम नगर्ने तथा सो सीमाभन्दा बढी शेयर धारण गर्ने संस्थापक शेयरधनीहरुको हकमा तोकिएको सीमाभित्र नआएसम्म सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट वितरण गरिने नगद लाभांस तथा बोनस शेयर रोक्का राखी सम्बन्धित संस्थाबाट जारी गरिने हकप्रद शेयरमा सहभागी हुन बन्देज लगाइएको छ। तर यस निर्देशनले सम्बन्धित संस्थापकहरुले चाहेको खण्डमा हकप्रद शेयर हक हस्तान्तरण गर्न भने बाधा पुऱ्याएको मानिने छैन।*

२. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी परिपत्र बै.वि.नि.वि./नीति/परिपत्र/२/०६७/६८ मिति २०६७।४।२६ को बुँदा नं १ (ग) लाई देहाय बमोजिम परिमार्जन गरिएको छ।
*(ग) अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनका लागि खाता खोलिएको बैंकबाट सम्बन्धित वित्तीय संस्थाले कुनै पनि किसिमको सापटी/सुविधा उपयोग गर्न पाउने छैन।* ***तर विपन्न वर्ग कर्जा उपलब्ध गर्न/गराउन यस निर्देशनले बाधा पुऱ्याएको मानिने छैन।***

३. यस बैंकबाट जारी एकीकृत निर्देशनको इ. प्रा. निर्देशन ६/०६७ संस्थागत सुशासन सम्बन्धी व्यवस्थाको बुँदा नं ८ *(तत्कालीन बै.वि.नि.वि/नीति/परिपत्र/२९/०६५/६६ मिति २०६५।१०।२२ को परिपत्र र बै.वि.नि.वि/नीति/परिपत्र/५०/०६५/६६ मिति २०६६।३।१४ को परिपत्रको बुँदा नं ५)* हाललाई कार्यान्वयन गर्नु नपर्ने गरी स्थगन गरिएको छ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
९. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं।
१०. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं।
११. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं।